नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)

email: daosiraha@gmail.com
web site: www.daosiraha.moha.gov.np
सूचना अधिकारी : 9829785385
कोभिड फोकल पर्सन : 9841500995
५२००३२
फयाक्स ५२००९९

प.सं. :- ०७७/०७८
च.नं. ८६ (निजी सचिवालय)

मिति :२०७८/०१/१९ गते

विषय: कोभिड-१९ दोस्रो लहरको संक्रमण जोखिम न्यूनीकरण गर्न नेपाल सरकार (म.प.) म.प. बै.स. १/०७८ मा भएको व्यवस्था कार्यान्वयन गर्न गराउन हुन ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
स्थानीय तह न.पा/गा.पा.(१७ वटै), सिरहा।

उल्लेखित विषयमा देहायको विषय अवलम्वन गर्न DCCMC को मिति २०७८/०१/०६, २०७८/०१/०९, २०७८/०१/१३, २०७८/०१/१८ को बैठकबाट समेत निर्णय भई त्यहाँ प्रेषित गरिएकै छ।
सो अनुरुप निरन्तर समन्वय समेत गरी भए गरेको प्रगति पठाउन हुन अनुरोध छ।

देहाय

१.) बुँदा नं. २१:

**कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमनका लागि स्थानीय तहले देहाय बमोजिम गर्ने :**

क) १५ वेडसम्म क्षमता भएका सरकारी, सामुदायिक, गैरसरकारी र निजी अस्पतालसँग संक्रमितको उपचारका लागि सम्झौता गर्ने, अनुगमन गर्ने र शोधभर्ना भुक्तानीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने।

ख) होम क्वारेन्टिन र होम आईसोलेसनमा रहेका व्यक्तिको स्वास्थ्य निगरानी तथा अनुगमन गरी थप जाँच वा उपचार आवश्यक पर्ने देखिएमा प्रयोगशाला र अस्पतालसँग समन्वय गरी त्यस्तो संस्थासम्म पु-याउने काममा सहजीकरण गर्ने।

ग) कोभिड-१९ को चिन्ह तथा लक्षण भएका व्यक्तिको एन्टिजेन परीक्षण गर्ने र नतिजा नेगेटिभ आएका व्यक्तिको PCR परीक्षण गर्ने व्यवस्था मिलाउने । नतिजा पोजेटिभ आएका व्यक्तिको निकट सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी एन्टिजेन परीक्षण गर्ने।

घ) आवश्यक्ता अनुसार आफ्नो स्थानीय तह भित्र स्वाब संकलन गर्ने व्यवस्था मिलाउने।

क्रमशः..... प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)

email: daosiraha@gmail.com
web site: www.daosiraha.moha.gov.np
सूचना अधिकारी : 9829785385
कोभिड फोकल पर्सन : 9841500995
☎ ५२००३२
फयाक्स ५२००९९

प.सं. :- ०७७/०७८
च.नं.

ङ) स्थानीय तह अन्तर्गका स्वास्थ्य संस्था चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य आवश्यक जनशक्ति तथा आवश्यक्ता अनुसार स्वंय सेवक परिचालन गर्ने गराउने ।

च) स्थानीय तहमा द्रुत प्रतिकार्य समूह गठन गरी तयारी अवस्थामा राख्ने ।

छ) कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शवको व्यवस्थापन वा अन्त्येष्टि गर्दा आफ्नो धर्म परम्परा र संस्कृति अनुसार सम्वन्धित परिवार वा समुदायले २५ जना भन्दा बढी मलामी नहुने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गर्ने गरी व्यवस्था मिलाउने । तर सो बमोजिम गर्न सम्भव नभएमा " **कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन सम्वन्धी संक्षिप्त कार्यविधि, २०७६** " अनुसार नेपाली सेनाले गर्ने ।

ज) क्वारेन्टिन, आईसोलेसन, केश इन्भेस्टिगेसन, कन्टयाक्ट ट्रेसिङ्ग, उपचार व्यवस्थापन, परीक्षण लगायत अत्यावश्यक सामग्री खरिद तथा जनशक्ति परिचालनका लागि आवश्यक व्यवस्था मिलाउने ।

झ) सार्वजनिक यातायातमा यात्रु चढ्ने र ओर्लने निर्धारण गरिएको स्थानमा सेनिटाईजर वा हात धुने सावुन पानीको व्यवस्था मिलाउने ।

ञ) उपर्युक्त कार्यहरुमा सहयोग तथा सहजीकरण गर्न विद्यमान टोल सुधार समिति वा उपभोक्ता समितिलाई परिचालन गर्ने र आवश्यक्ता अनुसार त्यस्ता समिति गठन गरी परिचालन गर्ने ।

२.) <u>बुँदा नं. २२:</u>

**कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले देहाय बमोजिम गर्ने :-**

क) कोभिड-१९ सम्वन्धमा व्याप्त भ्रम हटाउने, समुदायमा सही सूचना सम्प्रेषण गर्ने तथा जनस्वास्थ्यका मापदण्डहरु पालना गर्न प्रोत्साहन गर्ने ।

ख) परीक्षण, क्वारेन्टिन, आईसोलेसन तथा उपचारको लागि सम्पर्क गर्न आवश्यक सहयोग गर्ने,

ग) क्वारेन्टिन वा आईसोलेसन बस्नु पर्ने व्यक्ति त्यसरी क्वारेन्टिन वा आईसोलेसनमा बसे नबसेको सूचना स्थानीय तहलाई दिने ।

घ) घर वा होटलमा क्वारेन्टिन वा आईसोलेसनमा बसेका व्यक्तिलाई आवश्यक्ता अनुसार

क्रमशः..........

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)

email: daosiraha@gmail.com
web site: www.daosiraha.moha.gov.np
सूचना अधिकारी : 9829785385
कोभिड फोकल पर्सन : 9841500995
☎ ५२००३२
फयाक्स ५२००९९

प.सं. :- ०७७/०७८
च.नं.

स्वास्थ्य सम्वन्धि जानकारी उपलव्ध गराउने तथा परामर्श दिने, आवश्यक्ता अनुसार फलोअप गर्ने र सूचना अद्यावधिक गर्न कन्टयाक्ट ट्रेसिङ्ग समुहलाई सहयोग गर्ने ।

ङ) २ मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा सावुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको सूचना स्थानीय तहलाई दिने ।

च) ६० वर्षका माथिका नागरिक, दीर्घ रोग भएका व्यक्तिलाई घर बाहिर नजान अनुरोध गर्ने र जानै पर्ने अवस्था भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी गनत्वयसम्म पुग्न र फर्किन सहजीकरण गर्ने ।

छ) कोभिड-१९ विरुद्धको अभियान स्थानीय संघ संस्था, क्लव शिक्षक तथा स्वयं सेवक परिचालनका लागि स्थानीय तहलाई सहयोग गर्ने ।

३.) बुँदा नं. २३:

कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहाय बमोजिम गर्ने :-

क) जनस्वास्थ्यका मापदण्डहरुको पूर्ण रुपमा पालना गर्ने ।

ख) घर वाहिर निस्कदाँ अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टविन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने ।

ग) घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने ।

घ) विदेशबाट नेपालमा आउँदा वा निकट सम्पर्कमा रही कन्टयाक्ट ट्रेसिङ्गमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तिमा १० दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा वस्ने ।

ङ) PCR परीक्षणका लागि प्रयोगशालामा स्वाब दिए पछि नतिजा नआएसम्म बाहिर हिंडडुल, भेटघाट र बैठक नगर्ने ।

च) स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने ।

छ) अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्वद्ध अन्य निकाय वा संस्थालाई यथाशिघ्र जानकारी गराउने ।

क्रमशः............
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)

email: daosiraha@gmail.com
web site: www.daosiraha.moha.gov.np
सूचना अधिकारी : 9829785385
कोभिड फोकल पर्सन : 9841500995
☎ ५२००३२
फयाक्स ५२००९९

प.सं. :- ०७७/०७८
च.नं.

ज) होम आईसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्वन्धि कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।

४) कोभिड-१९ को संक्रमणबाट बच्न वडा र समुदायसम्म कहाँ कहाँ, कहिले कहिले, कसको नेतृत्वमा माइकिङ्ग गरी जनचेतना जगाईयो सो समेतको प्रगति पठाउने ।

प्रदीपराज कणेल
प्रमुख जिल्ला अधिकारी

**बोधार्थ :**

श्री गृह मन्त्रालय
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा/विपद् पूर्व तयारी तथा प्रतिकार्य शाखा
सिहदरवार, काठमाडौं ।
श्री कोभिड-१९ संकट व्यवस्थापन केन्द्र
छाउनी, काठमाडौं ।
श्री गृह मन्त्रालय
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरवार, काठमाडौ ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सिरहा
श्री जिल्ला प्रहरी कार्यालय, सिरह ।
श्री सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण, हे.क्वा., सिरहा ।
श्री गैर सरकारी संस्था महासंघ, सिरहा ।
श्री नेपाल पत्रकार महासंघ, सिरहा ।